# कागेश्वरी मनोहरा नगरपालिका
# नगर कार्यपालिकाको कार्यालय

प्रशासन शाखा
डाँछि, काठमाडौं
बागमती प्रदेश, नेपाल

फोन नं.: ०१-४४५१२४२
०१-४४५०१८६
०१-४४५०३५६

प.सं. : ०८०/८१
च.नं. :


मितिः २०८०/०९/१९

## संघ संस्था दर्ता सम्बन्धी सूचना

कागेश्वरी मनोहरा नगरपालिका कार्य क्षेत्र रही दर्ता हुन आउने टोल सुधार समिति, टोल विकास समिति, उपभोक्ता समिति, खेलकुद संस्था तथा क्लब गठन लगायत नगरपालिकामा दर्ता हुने अन्य समितिहरू दर्ता हुन आउँदा तपशिल बमोजिम आवश्यक कागजपत्रहरू लिई आउनु हुन सम्बन्धित सबैको जानकारीका लागि अनुरोध छ।

### संघ संस्था दर्ता गर्न आवश्यक कागजातहरू

१. यस नगरपालिकाबाट उपलब्ध गराईएको नमुना विधान अनुसारको नेपाली कागजमा तयार गरिएको २ (दुई) प्रति सक्कल विधान ।

२. सम्बन्धित वडाको सिफारिस पत्र।

३. सञ्चालक समितिका पदाधिकारीहरुको तीन पुस्ते विवरण, दुई प्रति फोटो र पदाधिकारीहरुले आफैले प्रमाणित गरेको नेपाली नागरिकताको प्रमाणपत्रको प्रमाणित प्रतिलिपि १/१ प्रति ।

४. प्रारम्भिक भेला तथा तदर्थ समिति गठन गरेको निर्णय पुस्तिकाको प्रतिलिपि।

५. सञ्चालक समितिका पदाधिकारीहरू कहि कतै पनि कालोसूचीमा नपरेको, नैतिक पतन देखिने फौजदारी सजायमा नपरेको भनी गरेको स्वघोषणा।

६. संचालक समितिका पदाधिकारीहरुको फोटो र ल्याप्चे सहिछाप यस नगरपालिका कार्यालयको सम्बन्धित कर्मचारीको रोहवरमा सनाखत गर्नुपर्ने।

७. विधानको नमुना अनुरुप खास उदेश्य लिई दर्ता गराउन चाहने संस्थाले प्रस्तावना,उदेश्य, पदाधीकारीहरुको पद र संख्या ७ (सात) जनामा नघट्ने गरी उपयुक्त तवरबाट हेरफेर गर्न सकिने व्यवस्था हुनुपर्ने।

८. दर्ता हुन आउने संस्था कुनै किसिमको बिवाद सिर्जना गर्ने मनसायबाट प्रेरित भएको हुनु नहुने।

९. प्रस्तावित संस्थाको विधानः कागजात स्वीकृत(सदर) भएपछि रु.२०००/-(अक्षररुपी दुई हजार रुपैंया मात्र) को राजश्व दाखिला गरी प्रमाणपत्र र स्वीकृत विधानको प्रति उपलब्ध हुनेछ ।

१०. माथि उल्लेखित सम्पूर्ण कागजपत्र सम्मिलित मिसिल यस कार्यालयमा पेश भएको ३ (तीन) दिनपछि मात्र सम्पूर्ण कागजात दुरुस्त भएमा वा दर्ता गर्न मिल्ने देखिएमा संस्था दर्ता गरी प्रमाणपत्र प्रदान गरिनेछ र कागजात नमिलेमा वा दर्ता गर्न नमिल्ने देखिएमा सोको कारण सहितको सूचना आवेदकलाई दिईनेछ ।

..............................
(सागर मिश्र)
प्रमुख प्रशासकीय अधिकृत